Date: ________ Page: ______

आज मिति २०७५।१२।६ गतेका दिन पाटन नगरपालिका पाटन बैतडी का नगर प्रमुख श्री केशव बहादुर चन्द ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको ४४ औं बैठक तपशिल बमोजिम को उपस्थितीमा बसी देहायका विषयमा छलफल गरियो।

तपसिल:

| | | | |
|---|---|---|---|
| (सही) | श्री केशव बहादुर चन्द | नगर प्रमुख | |
| | श्री सरस्वती कोली | नगर उपप्रमुख | |
| (सही) | श्री गणेश प्रसाद भट्टराई | वडा अध्यक्ष पाटन | १ |
| (सही) | श्री महेन्द्र प्रसाद पन्त | वडा अध्यक्ष पाटन | २ |
| (सही) | श्री फरेन्द्र सिंह बिष्ट | ,, पाटन | ३ |
| (सही) | श्री दिपक सिंह बिष्ट | ,, पाटन | ४ |
| (सही) | श्री फूनी बोहरा | ,, पाटन | ५ |
| (सही) | श्री राजेन्द्र सिंह बिष्ट | ,, पाटन | ६ |
| (सही) | श्री ललित बहादुर चन्द | ,, पाटन | ७ |
| (सही) | श्री पृथ्वी राज पन्त | ,, पाटन | ८ |
| (सही) | श्री लोक ब. भण्डारी | ,, पाटन | ९ |
| (सही) | श्री देवेन्द्र कुवँर | ,, पाटन | १० |
| (सही) | श्री मनिराम लुहार | कार्यपालिका सदस्य | |
| (सही) | श्री लालीराम लुहार | ,, | ,, |
| (सही) | श्री पद्मा बिष्ट | ,, | ,, |
| (सही) | श्री सुनीता ओड | ,, | ,, |
| (सही) | श्री बसन्ती ठकुन्ना | ,, | ,, |
| (सही) | श्री बलदेव राम लुहार | ,, | ,, |
| (सही) | श्री सुनीता भट्ट | ,, | ,, |
| (सही) | श्री बिमला ठकुरी | ,, | ,, |
| | श्री दीपक प्रसाद प.न्त | नि. प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्तावहरु:-

1) प्रमुख प्रशासकीय अधिकृत सम्बन्धमा।
2) RCIW संग बजेट माग सम्बन्धमा।
3) अनुमती सम्बन्धमा।
4) नगर स्वयंसेवक ~~बजेट~~ (२) थप बजेट सम्बन्धमा।
5) आर्थिक विकास कार्यविधी सम्बन्धमा।
6) पतंजली योग शिविर सम्बन्धमा।

Date: ________ Page: ________

निर्णयहरू :-

निर्णय नं.१ :- प्रस्ताव न.१ माथि आवश्यक छलफल गर्दा यस
पाटन नगरकार्यपालिका को कार्यालय पाटन बैतडी मा हालसम्म
राजपत्रांकित द्वितिय श्रेणी उपसचिव पद को दरबन्दी प्रमुख प्रशासकीय
अधिकृत भएता पनि नेपाल सरकार संघीय मामिला तथा सामान्य
प्रशासन मन्त्रालय बाट शाखा अधिकृत लाई प्रमुख प्रशासकीय
अधिकृत पद को जिम्मेवारी दिई यस पाटन नगरपालिका ले आफना
दैनिक प्रशासनिक तथा आर्थिक कामकाज संचालन गरिरहेको
अवस्थामा कर्मचारी समायोजन ऐन २०७५ अनुसार यस नगरपालिका
मा कामकाज गर्ने खटाइएका प्रमुख प्रशासकीय अधिकृत समायोजन
भई यस नगरपालिका बाट रमाना भई समायोजन भएको
कार्यालय मा हाजिर हुन गएकाले नगरपालिका ले कुनैपनि विकास
निर्माण तथा आर्थिक प्रशासनिक कामकाज नभई सेवाग्राहीलाई
सेवा दिन नसकिरहेको अवस्थामा नगरपालिका का जनता संग
जोडिएका सम्पूर्ण कामकारबाही ठप्प भइरहेको हुदाँ नेपाल
सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ~~लाई~~
मा गम्भिर ध्यानाकर्षण गराई यथोचित रुपमा प्रमुख
प्रशासकीय अधिकृत खटाई नगरपालिका संचालनका लागी सहयोग
गरिदिन हुन सिफारिसका साथ अनुरोध गर्ने निर्णय गरियो।

निर्णय न.२ :- प्रस्ताव न. २ माथि छलफल गर्दा यस पाटन
नगरपालिका वडा नम्बर ६, १० अन्तरगत संञ्चालित योजनाका
लागि आवश्यक थप रकम ~~सडक~~ सडक तर्फ रु ५० लाख र
सिंचाई तर्फ रु ३० लाख रकम आ.व. ०७६।७७ को लागी कार्यक्रम
समावेश गर्न ~~गरिदिन~~ अनुरोध गर्ने निर्णय गरियो।

निर्णय न.३ :- प्रस्ताव न. ३ माथि छलफल गर्दा श्री दुर्गा बेताल
आधारभुत विद्यालय पाटन नगरपालिका वडा नम्बर १ जराल्लेक
बैतडी लाई विद्यालय संचालनको जिम्मेवारी विद्यालय
व्यवस्थापन समितीले नै गर्ने गरी थप कक्षा ४ संचालनका
लागी अनुमती प्रदान गर्ने निर्णय पारित गरियो।

Date: ________ Page: ________

निर्णय नं.४ !- प्रस्ताव नं.४ माथि आवश्यक छलफल गर्दा पाथ्रि नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को नगरसभाबाट स्वीकृत नगरस्वयंसेवक शिक्षक बजेट लाई कार्यान्वयन गर्न विषयगत समिती सामाजिक विकास समिती लाई जिम्मा दिई कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.५ !- प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा आर्थिक विकास समितीले नगर कार्यपालिकामा पेश गरेको कार्यविधीमा तपसिल बमोजिमका बुदाहरुमा संसोधन गरी कार्यविधी पारित गर्ने निर्णय गरियो।

बुदा नं. १मा छनौट गर्दा नगर, घरेलु वा पानमा दर्ता गरेको पहिलो प्राथमिकता दिने अनिरुकोमा वा को ठाउँमा कमा (,) गरी संशोधन गरीयो।

बुदा नं.३ मा कृषक व्यवसायीहरुले अनुदान रकम को प्रस्तावना कुल लागतको ४९% व्यावसायीले व्यहोर्ने र ५१% अनुदान उपलब्ध गराउने गरी संसोधन सहित पारित गरियो।

बुदा नं.११ मा प्रस्तावनाको आधारमा ४०-६० % को ठाउँमा ४९:५१ संसोधन गरी पास गरियो।

बुदानम्बर ८मा विज्ञ टोली ६ सदस्यीयमा आर्थिक विकास समिती का ५ जना र समितीले तोकेको विषय विज्ञ रहने संसोधन सहित पास गरियो।

बुदा नं.१२ मा गोठसुधार, कम्पोष्ट मल सुधार, निर्माण, जैविक विषादी निर्माण गर्न कृषि सम्बन्धी तालिम दिने संसोधन सहित पारित गरियो।

निर्णय नं.६ !- प्रस्ताव नं. ६ माथि छलफल गर्दा यहि मिति २०७५ साल चैत्र १० गतेदेखी पंतजली योग शिविर वार्ड ५मा संचालन गर्ने योग कार्यक्रम लाई आवश्यक सहयोग गर्ने निर्णय गरियो।